# राजनीतिक रिपोर्टिङको मेरो अनुभव

**गुणराज लुइँटेल**

२०५२ पुस २ गते म *कान्तिपुर* प्रवेश गरेँ । मसँग मौखिक अन्तर्वार्ता लिइएको थियो । त्यस बेला एक समूह पत्रकारहरू अन्तर्वार्ताको परिणाम आएपछि *कान्तिपुर* प्रवेश गरेका थिए । त्यसै भीडमा म पनि थिएँ । अहिले शान्तिनगरमा रहेको कान्तिपुर कम्प्लेक्सभन्दा पारि वागमती किनारामा उभिएको कार्यालयमा पुगेर नियुक्ति पत्र बुझेपछि म सीधै रिपोर्टिङ शाखामा पुगेँ । कृष्णमुरारि भण्डारी त्यति बेला प्रमुख संवाददाता थिए । । उनले आत्मीयपूर्वक स्वागत गरे र सँगै काम गर्न पाइने भएकोले खुशी पनि व्यक्त गरे ।

भर्खरै पत्रिकामा प्रवेश गरेको संवाददाताका निम्ति केही उन्मुक्ति हुन्छन् । उसले तत्कालै समाचार सङ्कलनमा गइहाल्नु पर्दैन । उसले परिस्थितिको अध्ययन, आफूलाई मन पर्ने क्षेत्रको छनोट र अरू अनुभवीसँग छलफल गर्ने मौका पाउँछ । म सक्रिय पत्रकारिताबाटै *कान्तिपुर* गएको हुँदा मलाई तत्कालका गतिविधिबारे जानकारी थियो । मैले यसअघि नै *जनआस्था* र *युगसंवाद* साप्ताहिकमा काम गरिसकेको थिए । *कान्तिपुर*मा आउनुअघिसम्म म *जनआस्था*मा नै थिए ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) को केन्द्रीय कार्यालय बल्खुमा त्यही दिन अपराह्न हुने पत्रकार सम्मेलनबारे आफूलाई जानकारी थियो । त्यसैले भण्डारीलाई मैले त्यही कार्यक्रमको समाचार सङ्कलन गर्न जान्छु भनेँ । उनले खुशीसाथ अनुमति दिए । कहिलेकाहीँ सम्बन्धित समाचार क्षेत्र (बीट) मा काम गर्ने संवाददाता पहिल्यै भइरहेको अवस्थामा प्रतिस्पर्धाका कारण केही समस्या हुन सक्छ । तर, *कान्तिपुर*मा त्यस बेला यो क्षेत्रको समाचार सङ्कलन गर्ने संवाददाताको अभावजस्तै थियो ।

*मिडिया अध्ययन* १: २५१-२६८, २०६३

*कान्तिपुर*को पत्रकारितामा यही विन्दुबाट म जोडिएँ । संयोग नै मान्नुपर्छ, पुस १ गते शनिबार परेको थियो, त्यो दिनको कोसेलीमा राणाकालीन दरबारहरूबारे मैले लेखेको मुख्य आलेख प्रकाशन भएको थियो (लुइँटेल २०५२क) । त्यसको भोलिपल्टैदेखि *कान्तिपुर*मा मेरो पत्रकारिता जीवन सुरु हुन लागेको थियो ।

एमाले कार्यालयबाट फर्केपछि लेख्न कागजको टुक्रा लिएर एउटा ठूलो टेबुलअगाडि बसेँ । दैनिक पत्रकारिताको यो नै पहिलो दिन भएकोले डेटलाइन लेख्ने शैलीदेखि नै सिक्नु थियो । गाह्रो भएन । भोलिपल्ट बिहान *कान्तिपुर*को अग्रपृष्ठमा आफूले लेखेको समाचार तस्बिरसहित छापिएको देख्दाको चरम सन्तुष्टिलाई मैले अहिलेसम्म बिर्सन सकेको छैन । यसले एउटा लत लगाइदियो मेरो जीवनमा । हरेक दिन बिहान आफूले लेखेको कुनै न कुनै समाचार *कान्तिपुर*मा छापियोस् भन्ने इच्छा मनमा आयो । यो इच्छालाई मैले निरन्तरता दिइरहेँ । र, यही निरन्तरताले *कान्तिपुर*मा मेरो जिम्मेवारी पनि थपिँदै गयो ।

समाचारका लागि मैले वामपन्थी दलहरू नै किन छाने ? यसका पछाडि निकै रोचक घटनाक्रम छन् । मेरो पत्रकारिता जीवनको सुरुआत *युगसंवाद* साप्ताहिकबाट भयो । यो २०४६ साल अघिदेखि नै छापिएको साप्ताहिक अखबार हो । तर, यसले तत्कालीन पञ्चायती शासनको खासै आलोचना नगर्ने भएकोले त्यहाँ कुनै खतरा थिएन । अरू अखबारमा सेन्सर हुँदा पनि यसमा हुँदैनथ्यो । तर, आफू सिकारु अवस्थामा नै भएकोले अखबारको निर्णयप्रति कुनै जानकारी हुने स्थिति थिएन । त्यसमा पनि सम्पादक सोमनाथ घिमिरेको मिलनसार व्यवहार र भाषाप्रति उनको दखलले गर्दा उनीबाट सिकेको सीपले मलाई अहिलेसम्म सहयोग पुगेको छ ।

जनआन्दोलन २०४६ पश्चात् सम्पन्न दोस्रो आम निर्वाचन २०५१ पछि मुलुकमा एमालेको पहिलो अल्पमतको सरकार बन्यो । एमाले सरकारको सय दिन पुगेकै अवसर पारेर धुवाँदार आलोचनात्मक दृष्टिकोण लिएर *जनआस्था*को प्रकाशन सुरु भयो । म पनि त्यसको सुरुआतसँगै किशोर श्रेष्ठसँग लागेर प्रकाशनमा सरिक भएँ । खासमा *जनआस्था*का २५ प्रवर्द्धनकर्ता[1] मध्ये म पनि एक थिएँ । सबै प्रवर्द्धकहरू बराबरी हैसियतवाला साझेदार थिए । तर हामी भने

---

१ *जनआस्था*को प्रवर्द्धनकर्ताहरूमा अहिलेका चर्चित कार्टुनिस्ट रविन सायमी, लोकतान्त्रिक कवि अर्जुन पराजुली, बाल अधिकारकर्मी विजय सैंजू, असन निवासी बालकृष्ण प्रजापति, भाइराजा तुलाधर, असनका वडाध्यक्ष धर्मरत्न तुलाधर, गौरी प्रधान, कल्याणबन्धु अर्याल, रोशन श्रेष्ठ, राजेन्द्र स्थापित लगायतका २५ जना दिए ।

त्यसका साझेदारका साथै त्यसै कम्पनीका कामदारसमेत थियौँ जसले गर्दा अखबारप्रति अपनत्वको भावना भलिभाँती थियो ।

म *जनआस्था* छोडेर आएपछि *कान्तिपुर*ले एमाले लगायतका वामपन्थी पार्टीको समाचार सङ्कलन गर्ने जनशक्ति प्राप्त गरेको थियो । *जनआस्था* वाम पक्षधर अखबार भएको हुनाले त्यसमा भएको व्यक्तिलाई ती पार्टीहरूबारे बढ्ता जानकारी हुनु स्वाभाविक पनि हो । साथै *कान्तिपुर*मा ती पार्टीका समाचार लेख्न रुचि राख्ने संवाददाताको कमीसमेत थियो त्यति बेला ।

म *कान्तिपुर*मा आउनुअघि, एमाले सरकारमै भएको बेला *कान्तिपुर* र सत्तारुढ एमालेबीच अत्यन्तै चिसो सम्बन्ध थियो । *कान्तिपुर*को तीखो आलोचना (एमालेको अर्थमा पक्षपातपूर्ण प्रस्तुति) का साथै दिनुपर्ने समाचार नदिने प्रवृत्तिले यस्तो सम्बन्ध बनेको थियो। यसका दुई कारण थिए। एउटा, एमाले भर्खर साम्यवादी धङ्धङीबाट उठेर बहुदलीय कम्युनिस्टको छवि बनाउँदै थियो भने अर्कोतिर मुलुकमा भर्खरै सुरु भएको निजी क्षेत्रको अखबारले गर्ने आलोचनात्मक टिप्पणी सहन सक्ने क्षमताको विकास पनि भइसकेको थिएन । त्यसले गर्दा काम गर्न अत्यन्तै अप्ठ्यारो रहेको महसुस मलाई भयो । *कान्तिपुर*बाट केही संवाददाताहरू अन्तर्वार्ताका निम्ति एमाले नेताहरूलाई भेट्न जाँदासमेत अस्वीकार गरेर फर्काएका घटनाहरू त्यहाँ थिए ।

आफैले एउटा पहल सुरु गरेँ । प्रत्येक दिन कुनै न कुनै रूपमा एमालेका नेताहरूलाई भेट्न थालेँ । उनीहरूमध्ये धेरैलाई मैले पहिल्यै चिनिसकेको हुनाले पनि केही सजिलो भयो । यसै सिलसिलामा एमालेका तत्कालीन नेता राधाकृष्ण मैनालीलाई बल्खुमा गएर भेटेँ । उनले *कान्तिपुर*सँग सम्बन्ध राम्रो नभएको र कुनै व्यवहार नगर्ने बताए । यसको अर्थ एमाले नेतृत्व *कान्तिपुर*सँग ज्यादै क्षुब्ध भएको अनुभव भयो । मैले भनेँ, "सञ्चारमाध्यमसँग त्यस्तो व्यवहार गरेर राजनीतिक दललाई कुनै फाइदा हुँदैन ।" उनले आश्वासन दिए, "हुन्छ, तपाईं नै त्यहाँ भएकाले कुरा गरौँला ।" विस्तारै समाचार छापिँदै गए, एमाले र *कान्तिपुर*प्रतिको अविश्वासको खाडल कम हुँदै गयो । दिनैपिच्छे एमालेका कुनै न कुनै गतिविधि प्रकाशन हुन थालेकाले तिनका नेतादेखि कार्यकर्तासम्मलाई आकर्षण गरिरहेको थियो ।

एमालेसँगको सम्बन्ध त माथि उल्लेख भइसक्यो । तर अन्य साना वामदलसँग त कुनै सम्बन्ध नै थिएन भने पनि हुन्छ । एक दिन समाचारका निम्ति तत्कालीन संयुक्त जनमोर्चाका नेता लीलामणि पोखरेललाई सम्पर्क गरेँ । उनले भने, "*कान्तिपुर*मा हाम्रो समाचार छापिन्छ र ?" त्यो आश्चर्यका बीच उनले कुरा गरे । समाचार छापिएपछि सम्बन्धले नौलो आयाम लिन थाल्यो ।

वास्तवमा त्यो यस्तो रोचक समय थियो । जताततै विभिन्न विषयमा गोष्ठी र छलफल भइरहेको हुन्थ्यो । २०४६ साल अघिसम्म कुनै तारे होटलमा गोष्ठी वा सभा हुने भन्ने कल्पना पनि हुन्नथ्यो । तर, प्रजातन्त्रमा यस्ता छलफलको बाढी आयो । सार्वजनिक संवादको त्यो उत्कर्ष हरेक क्षेत्रमा थियो । २०५३ पुस १४ का दिन राजधानीमा वामपन्थी पार्टीमा रहेको अवसरवादका सम्बन्धमा गोष्ठी भएको थियो । सबैजसो वामपन्थी पार्टीले आफूलाई केन्द्रमा राख्थे र अरू सबैलाई कुनै न कुनै रूपमा दक्षिणपन्थी वा अति वामपन्थी अवसरवादको शिकार भएको आरोप लगाउँथे । वास्तवमा यस्ता पक्ष प्रजातन्त्रका ती सुनौला दिनमा मुलुकमा भर्खर फस्टाउँदै गरेको पत्रकारिता क्षेत्रमा कार्यरत सञ्चारकर्मीका निम्ति उपयोगी थिए ।

प्रजातन्त्र आएको पाँच वर्षमात्र पुगेको त्यो समय अत्यन्तै भिन्न थियो । त्यसमा पनि दोस्रो संसद त्रिशङ्कु भएको हुनाले सत्ता राजनीतिका अनेकन खेल भइरहेका थिए । पार्टी-पार्टीबीचका समीकरण र विभाजन थिए । पार्टी भित्रैका द्वन्द्व सतहमा आइरहेका थिए । यथार्थमा नेपाली समाजभित्रका द्वन्द्वले निकास खोजिरहेको त्यो समयमा अन्तर पार्टी र आन्तरिक पार्टी सङ्घर्षका अनेक स्वरूप देख्न पाइयो । यस्तो स्थितिको समाचार सङ्कलन तथा सम्प्रेषण संवाददाताहरूका निम्ति सिक्ने अवसर र चुनौती दुवै थियो ।

दोस्रो आम निर्वाचन २०५१ पछि एमालेले अल्पमतको सरकारको नेतृत्व गरेको थियो । त्यसको नौ महिनापछि यो सरकार ढल्यो । सत्ताबाट बाहिरिएको एमालेको अवस्था बेग्लै थियो । नौ महिनामा एमालेले गरेका लोकप्रिय कार्यहरूको फेहरिस्त यसका नेताहरूले आफ्नो भाषणमा प्रकट गर्थे । काङ्ग्रेसलगायत अन्य पार्टीले एमालेलाई अधिनायकवादी भएको आरोप लगाइरहेका थिए । एमालेको सरकार गएपछि शेरबहादुर देउवाको नेतृत्वमा नेपाली काङ्ग्रेस लगायतका पार्टीको सरकार गठन भएको थियो ।

## समाचार सुँघ्ने नाक

आफूले लेख्नुपर्ने नियमित समाचारबाहेक पनि अलिकति ध्यान पुऱ्याउनासाथ रोचक समाचारहरू प्राप्त हुन सक्छन् । मैले अनपेक्षित रूपमा थुप्रै रोचक समाचार प्राप्त गरेको छु । यी मेरालागि मात्र नभएर पाठकहरूका निम्ति पनि रोचक थिए । मैले पाठकबाट यस्ता थुप्रै समाचारको सकारात्मक प्रतिक्रियासमेत पाएको छु ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासम्बन्धी एउटा रोचक प्रसङ्ग छ। होटल ब्ल्यू स्टारमा उनी आउने कार्यक्रम थियो। म समाचार सङ्कलनका लागि निर्धारित समयमै पुगेँ। प्रधानमन्त्री पुग्नुअघि नै सुरक्षाकर्मीहरू तैनाथ थिए। एकाबिहानै यस्तो तामझाम देखेर होटलका कर्मचारीहरू अवाक थिए। किनभने त्यहाँ त्यस्तो कुनै कार्यक्रम थिएन।

एक महिनाअघि नै स्थगित भइसकेको त्यो कार्यक्रममा संवाददाता पनि पुगेका थिए। सामूहिक अभियान नामक एउटा गैर सरकारी संस्थाले आयोजना गर्ने 'संस्थागत कार्य व्यवस्थापन' गोष्ठीको उद्घाटन प्रधानमन्त्रीले गर्ने कार्यक्रम थियो। त्यो स्थिति बुझेर सुरक्षाकर्मीले प्रधानमन्त्रीलाई कार्यक्रम स्थगित भइसकेको जानकारी दिए। तर, मेरा निम्ति यो रोचक समाचार थियो। आयोजकले कार्यक्रमको उद्घाटनको निम्तो प्रधानमन्त्री र प्रेसलाई पनि दिए। तर, त्यो स्थगन भएको जानकारी गराएका थिएनन्। *कान्तिपुर* फर्केर मैले त्यसैका आधारमा समाचार लेखेँ। भोलिपल्ट बिहान त्यो 'एङ्कर'[२] को रूपमा प्रकाशित भयो। यो समाचार शीर्षक थियो- 'प्रधानमन्त्री झण्डै झुक्किनु भो' (लुइँटेल २०५२ख)।

सत्ता समीकरण जोगाउन मुलुकको राजनीतिमा 'पजेरो संस्कृति' भित्र्याउने कार्यको श्रेय देउवालाई जान्छ। उनले सांसदहरूलाई बिना भन्सार महङ्गा गाडी पैठारी गर्ने अवसर दिए। र, देउवाको प्रस्तावलाई सिङ्गै सदनले स्वीकार गऱ्यो। 'पजेरो संस्कृति' भागिदार सबै राजनीतिक दल भए पनि मुख्य भूमिका देउवाको थियो। त्यसपछि सांसदहरूले महङ्गा गाडी ल्याएर व्यापारीलाई बेच्न थाले। केहीले सस्तैमा आएका गाडी आफैँले चढ्न थाले। खासमा महङ्गा पजेरो गाडीहरू राजधानीका सडकमा देखिन थाले।

एमाले केन्द्रीय कार्यालय आफ्नो नियमित बीट (समाचार सङ्कलन क्षेत्र) भएका कारण बल्खु पुगेको थिएँ। त्यसै बेला एउटा भव्य गाडी आएर एमाले मुख्यालयबाहिरको चौरमा घ्याच्च रोकियो। त्यसबाट निस्किइनन्, एमालेकी नेतृ एवं पार्टीका दिवङ्गत नेता मदन भण्डारीकी पत्नी विद्या भण्डारी। आफ्नी नेतृको भर्खरै किनिएको गाडीलाई वरिपरि घुमेर कार्यकर्ताले त्यसको मजा लिन थाले। कसैले आएर सोध्यो- 'कमरेड, कति पऱ्यो ?' उनले सहज किसिमले जवाफ दिइन्।

[२] अखबारमा तल्लो भागमा छापिने अनौपचारिक लेख वा रोचक सामग्रीलाई पत्रकारिता क्षेत्रको भाषामा एङ्कर भनिन्छ। सामान्यतया अखबार माथिबाट तल पढ्दै आउने प्रवृत्ति पाठकमा हुन्छ। यसरी पढ्दै आउँदा पाठकलाई अडचाउने उद्देश्यले रोचक र अनौपचारिक किसिमका सामग्री यहाँ पस्किने गरिएको हो।

उनको गाडी आइपुग्नुभन्दा एकैछिन अगाडि मात्रै एमाले केन्द्रीय कार्यालयमा कार्यरत उत्तम महतले एक तराइबासी कार्यकर्ता शनिश्चर मुसहरलाई "पहिल्यै बसको टिकट नकाट्नू, कलङ्कीमा गएर चढ्नू, सस्तो पर्छ" भन्ने सल्लाह दिएको पनि मैले सुनेको थिएँ । वास्तवमा वर्गविहीन समाजका निम्ति लड्ने कम्युनिस्ट पार्टीभित्र मौलाउन थालेका यी दुई वर्गले म भित्रको पत्रकारलाई जगाइरहेका थिए । अरू केही व्यक्तिसँग कुरा गरेपछि निकै रोचक एउटा समाचार तयार भयो- 'एमाले, पजेरो पोलिटिक्स र शनिश्चर मुसहर' ।

एमालेभित्रै त्यति बेला भयानक आन्तरिक मूल्याङ्कन भइरहेको थियो । भर्खरै सत्ताबाट हटेको हुँदा त्यसलाई टिकाउन नसक्नाका कारणहरूको खोजी भइरहेको थियो । आफू सत्तामा रहेका बेला राष्ट्रिय प्रजातन्त्र पार्टीका केही केन्द्रीय नेतालाई मन्त्री बनाएको भए सरकार टिक्ने अवस्था थियो भन्ने आग्रह पार्टीको एउटा पक्षबाट भइरहेको थियो । तर, जनआन्दोलनको धङ्धडी त्यो बेलासम्म पार्टीहरूमा थियो । अरू राजनीतिक दलभन्दा एमाले बढ्तै क्रान्तिकारी देखिन्थ्यो । त्यही भएर पञ्चायतकालीन पात्रहरूसँग सरकार बनाउने निर्णय त्यति बेला हुन सकेन । यो पनि एउटा विवादको विषय थियो ।

त्यसै बेला एमाले केन्द्रीय कमिटीको बैठक बसिरहेको थियो। महासचिव माधवकुमार नेपालले राजनीतिक प्रतिवेदन बैठकमा पेश गरे । कुनै माध्यमबाट मैले त्यसलाई प्राप्त गरेँ। त्यसमा पार्टीभित्र विकृति मौलाउन थालेको खुलासा गरिएको थियो । एक पटक सत्तामा पुगिसकेको पार्टीमा विकृतिहरू देखिनु स्वाभाविक हो । तर, त्यसलाई महसुस गरेर हटाउने प्रतिबद्धता पार्टी नेतृत्वमा रहेको देखियो । महासचिवको प्रतिवेदन पढ्दै जाँदा फेला परेका तथ्यहरूलाई प्रस्तुत गर्दै मैले समाचार लेखेँ- 'नेकपा एमालेको समस्याः जाँड, जुवा र जारी' (लुइँटेल २०५२ग) । यसमा एमालेमा मादक पदार्थ सेवन गर्ने, जुवातास खेल्ने, एकभन्दा बढी विवाह गर्ने प्रवृत्तिलाई विकृतिको रूपमा चित्रण गर्न खोजिएको हो । सत्तामा गएपछि कडा अनुशासन भएको वामपन्थी पार्टीमा समेत विचलन आउँछ भन्ने सङ्केत गर्नसमेत यो पर्याप्त थियो ।

अन्य पार्टीको तुलनामा एमाले निकै गोपनीयता कायम गर्ने पार्टीका रूपमा थियो त्यो बेलासम्म । काङ्ग्रेस, राप्रपा, सद्भावना लगायतका पार्टीको समाचार सङ्कलन गर्न त्यति गाह्रो थिएन । तिनका नेताहरू सहजै प्रस्तुत हुन्थे, तिनका विवाद पनि सजिलै सतहमा आउँथे । एमालेभित्रका यस्ता समाचार बाहिर ल्याउन विशेष प्रयास गर्नु पर्थ्यो । तर, एकपछि अर्को गर्दै पार्टीका गोप्य समाचार सार्वजनिक हुन थालेपछि एक दिन एमालेका महासचिव नेपालले बल्खुमा मलाई सोधे, "तपाईलाई समाचार कसले दिन्छ हँ ?"

"यो त मैले भन्न मिल्दैन । स्रोत गोप्य राख्नुपर्छ" मैले भनेँ । सँगै मैले आग्रह गरेँ, "तपाई आफैँले समाचार दिने हो भने अरूसँग सम्पर्क कम गरे पनि हुन्छ ।"

पार्टीहरू विग्रहमा गुज्रिरहेका थिए । एमालेभित्र पनि अनेकन् विवादहरू देखिए । पार्टीको महासचिव परिवर्तन गर्न महासचिव माधवकुमार नेपालका सशक्त विपक्षी वामदेव गौतम लगायतले प्रयास गरे । अर्का केन्द्रीय नेता झलनाथ खनाललाई महासचिवको दावेदारका रूपमा अघि सारिएको थियो । ती विवादहरूलाई हरेक दिनजस्तो सन्तुलित रूपमा प्रस्तुत गर्न कम जोखिम थिएन । विवादका बेला पार्टीको एउटा पक्षले अर्को पक्षका विरुद्धमा सञ्चारमाध्यमलाई दुरुपयोग गर्ने सम्भावना प्रशस्त हुन्छ । त्यसका लागि एउटै मात्र स्रोतमा भर नपरी विभिन्न स्रोत प्रयोग गर्नुपर्ने हुन्छ । यस्तो चुनौतीको सामना धेरै पटक गर्नु परेको छ ।

पूर्व पञ्चसँग अछूतको व्यवहार गर्दै आएको एमाले लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा २०५३ सालमा सरकारमा सामेल भयो । यसका लागि बाटो खुलाउने काम भने काङ्ग्रेसले सूर्यबहादुर थापाको नेतृत्वमा सरकार बनाएर गरेको हो । सूर्यबहादुर काङ्ग्रेसका निम्ति मान्य, लोकेन्द्रबहादुर एमालेका निम्ति मान्य । यसरी नेपाली राजनीतिमा सिद्धान्तलाई तिलाञ्जली दिएर सत्तामा पुग्नका निम्ति जे पनि गर्न र जोसँग पनि मिल्न सकिने स्थितिको विकास भयो ।

चन्दको नेतृत्वमा बनेको सरकारमा वामदेव गौतम उपप्रधान तथा गृहमन्त्री भएका थिए । त्यस बेला उनले एकजना पूर्व प्रहरी निरीक्षक नरहरि सङ्ग्रौलालाई विशेष प्रहरीको नायव महानिरीक्षक (डीआइजी) मा नियुक्त गरे । यसले संसददेखि पार्टीसम्म उनी विरुद्धको वातावरण सिर्जना गऱ्यो ।

सम्भवतः गौतमपक्षीय व्यक्तिहरू मसँग रिसाएका थिए । तैपनि गौतम के सोच्छन् ? त्यो पनि बुझ्नु आवश्यक थियो । प्रधानमन्त्रीभन्दा शक्तिशाली उपप्रधानमन्त्री वामदेवको अन्तर्वार्ता लिनसक्नु सहज कुरा थिएन । मैले कोसिस गरिहेरेँ । सफल पनि भएँ । संस्थापन पक्षका निम्ति नकारात्मक लाग्ने त्यतिका धेरै समाचार लेखेर तिनै नेताको अन्तर्वार्तासमेत आउँदा धेरैलाई अनौठो पनि लाग्यो ।

एमाले पार्टीभित्रको विवाद अनेक प्रसङ्गमा सतहमा आयो । सबैभन्दा बढ्ता विवाद महाकाली सन्धि अनुमोदनपछि भयो । पार्टीभित्र 'राष्ट्रवादी' र 'गैर राष्ट्रवादी' धार विकास भए । अन्ततः पार्टी विभाजन पनि भयो । सत्ता समीकरणका नयाँ प्रयास, पार्टीभित्रका विग्रह आदिले यसलाई मलजल गरेको थियो । विभाजनको नेतृत्व वामदेव गौतमले गरेका थिए । करिब ४० सांसदले एमाले संसदीय दल विभाजन गरी नयाँ दल नेकपा (माले) गठन गरे । पार्टी विभाजनको दिन संसद

सचिवालय बाहिर चुरोटको सर्को तान्दै गौतमले कहिलेकाहीँ विभाजनबाट पनि शक्ति प्राप्त हुने बताए । त्यो दिनको अवस्था बेग्लै थियो । तत्कालै नेकपा (माले) सत्तामा पनि गयो ।

२०५६ सालको संसदीय निर्वाचनमा गौतमले नेतृत्व गरेको पार्टी नेकपा (माले) ले एक स्थान पनि हासिल गर्न सकेन । बरु उनको माउ पार्टी एमालेले भने उल्लेख्य स्थानमा विजय हासिल गऱ्यो । पार्टी निर्वाचनमा हारेको असर कार्यकर्ताको तल्लो तहसम्म पुग्यो । र, यसलाई २०५२ फागुन १ गतेबाट सुरु भएको माओवादी 'जनयुद्ध' ले आकर्षण गऱ्यो । पार्टीभित्र विचलन आउन थालेपछि र जुन अपेक्षाका साथ पार्टी विभाजन गरिएको थियो, त्यो प्राप्त हुन नसकेपछि मालेभित्र सङ्कट देखियो ।

मालेको अस्तित्व बिलाउँदै गएपछि गौतम आफ्नो पार्टीलाई एमालेमा समाहित गर्ने निष्कर्षमा पुगे । पार्टी एकता हुनुभन्दा केही दिनअघि मैले उनलाई भेटेँ । उनले केही बोल्न चाहेनन् त्यति बेला । सँधै प्रस्ट रूपमा बोलिरहेका नेता एकाएक एमालेसँगको सम्बन्धबारे मौन देखिएपछि पार्टी एकीकरणको दिशामा अघि बढ्न खोजेको अनुमान गर्न गाह्रो भएन । र, त्यो दिन पनि आइहाल्यो । राष्ट्रियसभा गृहमा आयोजित भव्य सभामा उनले एमालेमा फर्केको घोषणा गरे । त्यो मात्र होइन उनले बडो मार्मिक पाराले "हिजो घर छोडेर हिँडेको छोराले परदेशमा घरबाट लगेको सम्पत्ति पनि सकेर आए पनि अनुभवले भरिएर आएजस्तै आफू पनि आएको" अभिव्यक्ति दिए । वास्तवमा उनी आफूप्रति इमानदार भएर प्रस्तुत भएका थिए । उनको अवस्था, किन किन मलाई, भीमदर्शन रोक्काको कविताको एउटा पङ्क्तिजस्तै लाग्यो । त्यसपछि भोलिपल्टको *कान्तिपुर*मा मेरो एउटा समाचार छापियो- 'घाम डुबी तारा नउदाएको आकाश हुँ म' (लुइँटेल २०५८) ।

एमालेमा विवाद वा विभाजन हुँदा मनमोहन अधिकारीले सधैँ एउटा अभिभावकको जस्तो भूमिका निर्वाह गर्नुपर्थ्यो । उनले एमालेको प्रजातन्त्रीकरणका लागि एउटा अनुभवी र पाको नेताका रूपमा नेतृत्व दिनु परेको थियो । यस अर्थमा एमालेको राजनीतिमा मनमोहन अधिकारीको भूमिका उल्लेख्य छ । भर्खरै भूमिगत राजनीतिबाट आएको तत्कालीन नेकपा (एमाले) सँग आफ्नो पार्टी नेकपा (मार्क्सवादी) को एकीकरण गराएर अधिकारी त्यसको अध्यक्ष बने । यसले एमालेलाई पाको नेतृत्व दियो भने मनमोहनको व्यक्तित्वका कारण यसको प्रजातान्त्रिक छवि पनि बन्न गयो ।

पहिलो निर्वाचित कम्युनिस्ट प्रधानमन्त्रीको श्रेय प्राप्त अधिकारीले मलाई धेरै पटक अन्तर्वार्ताको मौका दिएका थिए । कतिपटक टेलिफोनमै समेत उपलब्ध हुन्थे । आफ्नो नाति पुस्ताको पत्रकारसँग यसरी प्रस्तुत हुनु उनको महानता र शिष्टता थियो ।

एक दिन सिंहदरबारस्थित एमाले संसदीय दलको कार्यालयबाहिर उभिरहेको बेला उनी भित्र कतैबाट आइपुगे । उनले अत्यन्त आत्मियसाथ मेरा दुवै हात समात्दै सोधे, “समाचार पाउनु भयो ?” मैले भनेँ, “आज समाचार नै छैन ।” उनले मुसुक्क हाँस्दै भने, “नो न्यूज इज गुड न्यूज ।”

## ‘जनयुद्ध’ र समाचार

मेरो पत्रकारिता जीवनमा माओवादी गतिविधिले ठूलो असर पारेको छ । हुन त राष्ट्रिय जीवनमा नै असर पारेको यस गतिविधिले अरू धेरै पत्रकारलाई प्रभावित पारेको होला । द्वन्द्वसम्बन्धी समाचार लेख्नुपर्ने आवश्यकता माओवादीको यही आन्दोलनले गरायो । वास्तवमा समाजमा गहिरिएर रहेको द्वन्द्वका कारण, यसको समाधान, यसका सम्भावित परिणति आदिबारे सोच्न बाध्य पाऱ्यो । माओवादी ‘जनयुद्ध’ यता समाजको द्वन्द्व र यसको समाधानका लागि उठेका आवाजलाई हेर्ने हो भने यतिका धेरै काम इतिहासमा कहिल्यै भएको थिएन ।

यसले नेपालको सामन्ती संरचनालाई गाउँको तल्लो तहदेखि नै निर्मूल पारिसकेको छ । नेपाली समाजमा जरा गाडेर बसेको सामन्तवादलाई बुझ्न र यसविरुद्ध प्रहार गर्न कसैले सकेका थिएनन् । माओवादीले अन्ततः सबै राजनीतिक दल र शक्तिहरूलाई त्यस दिशातर्फ लाग्न प्रेरित गरेका छन् । माओवादीको हतियारयुक्त राजनीतिको सबैले विरोध गरे पनि तिनले उठाएका राजनीतिक एजेण्डामा कसैको असहमति पनि छैन ।

डा. बाबुराम भट्टराई संयोजक रहेको संयुक्त जनमोर्चा नेपालले २०५२ माघ २२ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० सूत्रीय माग सहितको ज्ञापनपत्र दिने कार्यक्रम थियो । निर्धारित समयमा नै म सिंहदरबार पश्चिम (मूल) गेटमा पुगेँ । डा. भट्टराई, पम्फा भुसाल, शक्ति लम्साल लगायतका नेताहरू थिए । उनीहरूले प्रधानमन्त्रीलाई भेट्न जानका निम्ति निकै प्रयास गर्दा पनि सुरक्षाकर्मीले रोकिरहे । डा. भट्टराईले निकैबेर ती सिपाहीसँग तर्क गरेका थिए । अन्त्यमा उनी प्रधानमन्त्री छेउ पुग्न पाए । त्यति बेला अन्य अखबारका कोही पनि समाचार सङ्कलनका लागि पुगेका थिएनन् । उसै पनि डा. भट्टराईहरूको पार्टीको अवस्था कमजोर थियो । प्रेसले समेत तिनलाई वास्ता गर्न छोडिसकेको थियो ।

प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिइसकेपछि केन्द्रीय नेतृ पम्फा भुसालले मलाई 'फोन गर्नू' भनेकी थिइन् । पछि यस्तैउस्तै समाचारको धूनमा समय बितिसकेछ । एकाएक माओवादीले फागुन १ गतेदेखि 'जनयुद्ध' सुरु गऱ्यो । खुला राजनीतिमा भएका जनमोर्चाका नेताहरू भूमिगत भए । माओवादी कारवाही सुरु भएको तेस्रो दिनमा मात्र यससम्बन्धी समाचार राष्ट्रिय अखबारहरूले प्रकाशन गरे । रोल्पा, रुकुम, गोरखा, रामेछाप लगायतका जिल्लामा आक्रमण गरेर सुरु भएको माओवादी गतिविधिले त्यसपछि कहिल्यै पूर्णविराम लगाएन ।

भूमिगत हुने बित्तिकै मैले पम्फा बसेको डेरामा फोन गरेँ । डेरामा भएकाहरूले उनीहरू कता गए भन्ने बताउन सकेनन् वा चाहेनन् । डा. बाबुरामकहाँ खबर पठाइदिन विभिन्न स्रोतलाई आग्रह गरेँ । यसै क्रममा मैले सिन्धुनाथ प्याकुरेलको अन्तर्वार्ता लिएँ (कान्तिपुर २०५२) । भर्खर माओवादी गतिविधि सुरु भएको बेला हुनाले उनको व्याख्या र विश्लेषणले त्यसबारेमा केही प्रकाश पारेको थियो । उनलाई पनि मैले डा. भट्टराईसँग भेट गराइदिन आग्रह गरेँ । उनले "कोसिस गरौँला" भने । तर, त्यो कहिल्यै वास्तविकतामा परिणत भएन ।

दोस्रो वार्ताकाल (२०५९/०६०) मा उनै डा. भट्टराई वार्ता टोलीको नेतृत्व गर्दै आए । उनीहरू राजधानीमा सार्वजनिक हुने कार्यक्रम थियो । उनीहरू राजधानी आइपुगेकै दिन भेट्न वा देख्न पाए हुन्थ्यो भन्ने भयो । विभिन्न स्रोत परिचालन गर्दा पनि केही थाहा हुन सकेन । *कान्तिपुर* सहकर्मी केदार ओझा र म राजधानीका सम्भावित ठाउँहरूको खोजीमा हिडचौँ । सिन्धुनाथको कालिकास्थानस्थित घर नजिकैको चौरमा एउटा भव्य गाडी उभिएको थियो । कतै त्यही गाडी त तिनले प्रयोग गरेका होइनन् ! भनेर ड्राइभरलाई सोधियो । उसले होइन यो कुनै परियोजनाको गाडी हो भन्यो । त्यसपछि हामी फर्क्यौं । एकैछिनमा सुरक्षा स्रोतले उनीहरू कालिकास्थान पुगेपछि कता गए थाहा भएन भन्यो । पक्कै पनि उनीहरू सिन्धुनाथकै घरमा गएका होलान् भनेर फेरि हान्निएर त्यता लागियो । नभन्दै हो रहेछ । अरू संवाददाताहरू पनि भेला भइसकेका थिए । बाबुराम भने त्यहाँबाट हिँडिसकेका थिए । उनी गए पनि अर्का नेता मातृका यादव अझै त्यहीँ रहेछन् । उनी जाने बेलामा त्यहाँ प्रेससँग जम्का भेट भयो तर राम्रो कुरा हुन पाएन ।

भूमिगत राजनीतिमा यति बढी गोपनीयता हुन्छ भन्ने प्रेसमा काम गर्नेहरूलाई थाहा थिएन । तत्कालीन नेकपा (माले) ले २०२८ साल ताका झापामा सञ्चालन गरेको 'वर्ग शत्रु सफाया' अभियान मेरा लागि इतिहासको विषय भयो । वास्तवमा माओवादीका कतिपय नेताहरूलाई ग्रामीण भेगमा भेटेर पनि तिनको

वास्तविक नाम थाहा पाउन सकिएको थिएन । यस्तै एउटा प्रसङ्ग छ । माओवादीका प्रभावशाली दुई नेताहरू प्रभाकर (जनार्दन शर्मा) र अनन्त (वर्षमान पुन) लाई भेटेको धेरै वर्षसम्म पनि यी को होलान् भन्ने लागिरहेको थियो । तर, त्यसको समाधान भने २०६२/२०६३ को जनआन्दोलनको सफलतापछि सुरु भएको वार्ता प्रक्रियाका क्रममा भयो । माओवादीका बहुचर्चित नेता रामबहादुर थापा 'बादल' को अन्तर्वार्ताका लागि कमलादीस्थित एउटा होटलमा जानु पऱ्यो । केही छिनको पर्खाइपछि उनी आए । उनको साथमा मैले कतै देखेका दुई जना पनि थिए । प्रभाकर र अनन्त दुवैले चिनिहाले । हाम्रो भेट रुकुमको खारामा भएको थियो । त्यो बेला प्रेससँग भेट नगर्ने, फोटो नखिचाउने अभ्यास माओवादीमा थियो । त्यसकारण उनीहरूलाई भेटेर समाचार लेखे पनि ती को नेता थिए र कुन ठाउँमा भेट भएको थियो भन्ने नखुलाई समाचार लेखिएको थियो ।

एकजना दाह्रीवाल नेताले अत्यन्तै शिष्ट र भावुक किसिमले खारा आगजनीका सम्बन्धमा बोलेका थिए । ती को हुन् भन्ने लागिरहेको थियो । खुलामञ्चमा २०६३ जेठ १९ मा भाषण गरेपछि पो चिनियो, तिनै रहेछन् प्रभाकर । स्थान, व्यक्तिका नामसमेत गोप्य राख्ने पार्टीका समाचार सङ्कलन र सम्प्रेषण गर्दा हुने रोमाञ्चक अनुभव त्यति बेला भयो ।

डा. बाबुरामसँग प्रत्यक्ष भेटेर अन्तर्वार्ता लिने अवसर भने दोस्रो वार्ता कालमा नै प्राप्त भयो । *द काठमाण्डु पोस्ट*का सम्पादक प्रतीक प्रधान र म राजधानीकै एउटा परिचित ठाउँमा पुगेका थियौँ । तर, माओवादीका अध्यक्ष प्रचण्ड (पुष्पकमल दाहाल) सँग प्रत्यक्ष अन्तर्वार्ता कहिल्यै लिने मौका प्राप्त भएन । मैले उनीसँग पटक-पटक विभिन्न प्रसङ्गमा अनौपचारिक अन्तर्वार्ता लिएको छु । यस्ता अन्तर्वार्तामा उनी मैले पठाएका लिखित प्रश्नको लिखित जवाफ नै पठाउँथे ।

माओवादी 'जनयुद्ध' का क्रममा हिंसा, हत्या र आतङ्कका अनेकन शृङ्खलाहरू देख्नु पऱ्यो । स्वाभाविक रूपमा समाचारका विषय पनि यस्तै विषय भए । सकारात्मक समाचारभन्दा समाजले भोग्नु परेको यस्तै दुःख र पीडाहरू त्यसमा थिए । यसैका लागि नेपालका विभिन्न जिल्लाको भ्रमण गर्ने, गाउँ-गाउँ पुग्ने र स्थानीय जनताका समस्या बुझ्ने काम पत्रकारले गरिरहे । कुनै न कुनै रूपमा यसैका निम्ति अधिराज्यका विभिन्न स्थानमा जाने र स्थितिलाई अनुभव गर्ने अवसर मैले पनि पाएँ ।

लमजुङको भोर्लेटारमा २०५८ असारमा पुग्दा माओवादी समर्थक एक जँडच्याहाले 'कसको अनुमतिले यहाँ आएको ?' भनी थर्काएको घटनादेखि कतै माओवादीकै आतिथ्य प्राप्त गरेको स्थिति पनि रह्यो । गाउँघरमा घुम्दा

सर्वसाधारणबाट पाइने माया असाध्यै धेरै थियो । आफै दुःखको पहाडले किचिए पनि आफ्ना पाहुनाप्रति तिनको सद्भावको कुनै लेखाजोखा गर्न सकिन्न । यसबीच पत्रकारिताकै सिलसिलामा किसानका छाप्रादेखि तारे होटलसम्म बास बस्नु पऱ्यो । तर, बढ्ता आत्मीयता किसानकै छाप्रामा थियो ।

जहाँ पनि मिल्न सक्ने भएमा सूचना प्राप्ति पनि सहज हुन्छ । त्यसमा पनि कहिलेकाहीँ सामान्य सूचनामा ध्यान पुऱ्याउन सक्दासमेत 'स्कूप'[३] समाचार बन्छ । यस्तो धेरैपटक भएको छ । भारतमा मातृका यादव र सुरेश आले मगरको गिरफ्तारीको सूचना स्रोतहरूबाट प्राप्त भएपछि खोज्दै जाँदा त्यो यथार्थ ठहरियो । बिहान त्यो समाचारसहितको अखबार निस्किँदा सन्सनी फैलिएको थियो (लुइँटेल र ओझा २०६०) । नेपालस्थित भारतीय राजदूताबासले तत्कालै त्यसलाई पुष्टि गऱ्यो । प्रेस हेर्ने तत्कालीन काउन्सेलर सञ्जय बर्माले त फोन गरेर भने- "आपने तो आज सेन्चुरी कर दिया है ।" यसो भनेर उनले समाचारको सत्यता पुष्टि गरेका थिए ।

## स्वदेशदेखि परदेशसम्म

पत्रकारिता यस्तो पेशा हो, जुन जहाँसुकै बसेर गर्न सकिन्छ । घर, कार्यालय, वनभोज, तारे होटल, किसानको गोठ जहाँसुकै यसको फैलावट छ । आजको सूचना प्रविधिको विकासले त यसलाई झन् सहज तुल्याइदिएको छ । एउटा ल्यापटप झोलामा हालेर हिँडे पुग्छ । मेरो पत्रकारिता जीवनमा बेइजिङदेखि ब्रसेल्ससम्म, न्यूयोर्कदेखि नयाँ दिल्लीसम्मबाट समाचार सङ्कलन र सम्प्रेषण गर्ने मौका आएका छन् ।

चिनिया कम्युनिस्ट पार्टीको १६ औँ महाधिवेशनको समाचार सङ्कलनका लागि २०५९ कात्तिकमा बेइजिङ जाने पत्रकारमा नेपालबाट म मात्र थिएँ । त्यसै महाधिवेशनले वर्तमान राष्ट्रपति हु जिन्ताओलाई पार्टीको महासचिव चयन गरेको थियो । संसारभरिबाट हजारौँ संवाददाता बेइजिङमा भेला भएका थिए । त्यो बेला एक्लो नेपाली पत्रकारलाई देखेर चीनिया टेलिभिजन सीसीटीभीका क्यामेराले समेत मलाई पछ्याएका थिए । उनीहरूले मलाई टेलिभिजनका निम्ति अन्तर्वार्ता दिन भने । त्यसो त गोरा पत्रकारहरू आफैले अन्तर्वार्ता दिनुपऱ्यो भने त्यति सहज हुन्नन् । झन् राज्यको टेलिभिजनले कम्युनिस्ट पार्टीको प्रोपोगान्डाका

[३] अरू कुनै अखबार र सञ्चारमाध्यमले नपाएर एउटैमात्र अखबार र सञ्चारमाध्यमले दिएको समाचार स्कूप हो । प्रायः संवाददाताहरू स्कूपको खोजीमा हुन्छन् ।

रूपमा काम गर्ने भएकोले पनि त्यहाँ उनीहरूले अन्तर्वार्ता दिन नमानेको हुनुपर्छ । साथै उनीहरू पत्रकारको काम समाचार लेख्ने, फोटो खिच्ने पो हो, अन्तर्वार्ता दिने हो र ? भन्ने मान्यताबाट प्रभावित हुन्छन् । तर, आफ्नो विशेषज्ञता भएको क्षेत्रमा कुरा गर्नु वा आफ्नो जानकारीको कुरा बोल्नु अनुचित हुन्न जस्तो लागेपछि मैले हुन्छ भन्दिए ।

मैले स्वीकृति दिएपछि चीनिया पत्रकारले सोधिन्, "नेपालमा चीनिया कम्युनिस्ट पार्टीको महाधिवेशनको के महत्त्व हुन्छ ?" मैले भने- "हामी निकट छिमेकी हौं । एकातिर चीन छ र अर्कोतिर भारत छ । दुई ठूला छिमेकीमा भइरहेका गतिविधिबाट हामीलाई समेत कुनै न कुनै रूपमा प्रभाव पर्छ । त्यसमा पनि यहाँ हुने नेतृत्व परिवर्तनले हाम्रा भावी विकास गतिविधि वा भावी नेपाल नीतिमा समेत प्रभाव पार्न सक्छ । हाम्रा पाठकलाई निकट छिमेकमा भइरहेका गतिविधिले आकर्षण गर्न सक्छ ।"

अरू केही प्रश्न गरिन् उनले । उनीहरू सन्तुष्ट भएको महसुस मलाई भयो । मलाई टेलिभिजनको पर्दामा देखाउँदै उनीहरूले समाचार प्रसारण गरे । त्यो समाचार काठमाडौँस्थित चीनिया राजदूताबासका अधिकारीहरूले समेत हेरेका रहेछन् । म राजधानी फर्केपछि निकै खुशी भएर सोल्टी होटलमा डिनरको निम्तोसमेत गरेका थिए उनीहरूले ।

बेइजिङमा समाचार सङ्कलन सजिलो छैन । सबैभन्दा ठूलो समस्या त त्यहाँ भाषाकै हुन्छ । चीनिया भाषा नजानेको व्यक्तिका निम्ति यो निकै कठिन कार्य हो । हो, दोभाषेहरू पाइन्छन्, तर ती निकै महङ्गा छन् । सम्भवतः हामीले तिनलाई काम लगाउन सक्दैनौं । तथापि, इटालीयन न्यूज एजेन्सी (आन्स) मा कार्यरत मेरो साथी बेन्नामिनो नाताले त्यति बेला बेइजिङमै ब्यूरो प्रमुख भएर रहेका थिए । वास्तवमा मलाई उनको ठूलो सहयोग भयो । उनकै दोभाषेले मेरा निम्ति पनि सहयोग गऱ्यो ।

संसारभरिबाट नेपालको द्वन्द्वसम्बन्धी समाचार सङ्कलनका लागि आउने पत्रकारहरूसँग मेरो सम्पर्क भयो । तिनलाई नेपाल आएका बेला गरेको सहयोग ती ठाउँमा आफू पुग्दा पाउन सकियो । कुनै पनि व्यक्तिलाई गरिएको सहयोग खेर जाँदैन । त्यसमा पनि पत्रकारिता क्षेत्रमै भएका कुनै व्यक्तिलाई गरेको सहयोगले प्रत्यक्ष/परोक्ष रूपमा लाभदायक हुने रहेछ भन्ने अनुभव मलाई धेरैपटक भएको छ । कतिपल्ट तिनको रुचि र कार्यशैलीबाट समेत सिक्न सकिन्छ । बाहिरबाट आउने व्यक्तिको दृष्टिकोणले पनि आफूलाई फराकिलो पार्न मद्दत गर्छ ।

मलाई संयुक्त राष्ट्रसङ्घको ६० औं महासभासम्बन्धी समाचार सङ्कलन गर्ने मौका २०६२ असोजमा प्राप्त भयो । यस विश्व संस्थामा पुगेर यसका कामको अवलोकन र समाचार सङ्कलन गर्न पाउनुलाई मैले जीवनको एउटा निकै रोचक अनुभवका रूपमा लिएको छु । त्यो आफैमा एउटा संसार थियो । राजा ज्ञानेन्द्रको घनघोर निरङ्कुश शासन सञ्चालन भइरहेका बेला त्रिभुवन विमानस्थलमा रोकिएला कि भन्ने डरले नेपालगञ्जबाट लखनउ, नयाँ दिल्ली हुँदै म न्यूयोर्क पुगेको थिए । त्यस बेला पत्रकार कनक दीक्षित लगायतलाई विमानस्थलमा रोक लगाइएको थियो ।

त्यसै बेला नेपाली डायस्पोराले नेपालको शाही सत्ताविरुद्ध संयुक्त राष्ट्रसङ्घ बाहिर आयोजना गरेको विरोध कार्यक्रमको समाचार सङ्कलन गर्ने महत्त्वपूर्ण अवसरसमेत मलाई प्राप्त भयो । विश्वको अर्को कुनाबाट त्यही दिनका समाचार र तस्बिर ल्यापटप र डिजिटल क्यामेराबाट पठाउन सम्भव हुनु अर्को रोचक पाटो हो । वास्तवमा शाही सत्तालाई ज्यादै गाह्रो हुनुको अर्को कारण यो पनि हो । संसारको जुनसुकै कुनामा भएको विरोधलाई प्रेसले सार्वजनिक जानकारीमा ल्याउन सक्ने भएकोले पनि निरङ्कुश सत्ता टिकाइराख्न गाह्रो परेको हुनुपर्छ ।

नेपालीहरू राजनीतिक रूपमा अत्यन्त सचेत रहेका कारणले पनि यस्तो भएको हो । त्यही राष्ट्रसङ्घ बाहिरको पार्कमा म्यान्मारको सैनिक शासनविरुद्ध विरोध प्रदर्शन गरिरहेका केही दर्जन मानिस नभेटिने होइनन्, तर न्यूयोर्कमा पुगेर पनि नेपालीले गरेको विरोध निकै प्रभावकारी थियो । त्यस्तै विरोध प्रदर्शन राजाले 'कू' गरेकै दिन पारेर २०६२ माघ १९ मा बेल्जियमको राजधानी ब्रसेल्सस्थित युरोपेली संसदबाहिर नेपालीले विरोध प्रदर्शन गरेका थिए । संसदभित्रको एउटा समितिमा नेपालकै बारेमा छलफलसमेत चलाइएको थियो । त्यही बेला नेपालमा 'लक्षित नाकाबन्दी' लगाउनुपर्ने धारणालाई समेत तीव्र रूपमा अघि सारिएको थियो । यी यावत् घटनाक्रमको साक्षी हुने अवसर मलाई पत्रकारिताले दिएको हो । हेल्सिन्कीदेखि पेरिससम्म, लण्डनदेखि डब्लिनसम्म पुग्नु र समाचार सङ्कलन गर्नु आफैंमा रमाइलो लाग्दो पक्ष हो ।

## रिपोर्टिङको आकर्षण

पत्रकारिताका सबै काम रोचक हुन्छन् । तथापि, रिपोर्टिङको आकर्षण बेग्लै हुन्छ । रिपोर्टिङको वास्तविक आकर्षण मैले *कान्तिपुर*मै प्राप्त गरेँ । म *कान्तिपुर*मा प्रवेश गर्दा नारायण वाग्ले घुमक्कड पत्रकार थिए । उनी कहिले काठमाडौं हुन्थे त कहिले हुम्ला पुग्थे । आएपछि तिनले रोचक किसिमले समाचार पस्किन्थे ।

नारायणसँगै न्यूजरुममा हुँदा अत्यन्तै रमाइलो हुन्थ्यो । पछि उनी प्रमुख संवाददाता, समाचार सम्पादक हुँदै सम्पादक भए । उनीसँगै मेरा भूमिकाहरू पनि परिवर्तन भइरहे । अहिले सँधै रिर्पोटिङका लागि हिँड्न नसके पनि निरन्तर भ्रमण र ग्रामीण क्षेत्रमा पुगेर समाचार सम्प्रेषण गर्ने आफ्नो रुचिलाई निरन्तरता दिने प्रयास गरिरहेको छु ।

यसअघि साप्ताहिक *जनआस्था* र *युगसंवाद*मा काम गर्दाका बेग्लै अनुभव छन् । साप्ताहिक अखबारमा काम गर्दा सबै काम एकैजनाले भ्याउनुपर्ने भएकोले सुरुका दिनमा राम्रो तालिम हुन्छ । तर, राम्रो मार्गदर्शन नहुन सक्छ । पत्रकारिताको राम्रो अभ्यास गर्ने अग्रज भएनन् भने पनि लक्षित उद्देश्य हासिल नहुन सक्छ । मैले साप्ताहिक अखबारमा काम गरेकै कारण त्यसबाट विकास भएका स्रोत र सीपले दैनिक अखबारमा काम गर्न सहज भएको अनुभव गरेको छु । अचेल पत्रकारितामा धेरै अवसर छन् । रोजगारीमा भर्ना हुनेवित्तिकै राम्रो कम्पनी भएमा तलब आउन थालिहाल्छ । एक किसिमको आर्थिक सुनिश्चितता हुन्छ । अझै पनि साप्ताहिक अखबारमा त्यो स्थिति आइसकेको छैन ।

मैले पत्रकारिता गर्दा सबै राम्रो मात्रै गरेको छु भन्ने होइन । कतिपय बेलामा महत्त्वपूर्ण समाचार छुटाएको छु । पत्रकारिताका सुरुका दिनमा आफूलाई कुनै मुद्दा समाचारजस्तो नलाग्नु वा आफूसम्वद्ध अखबारले त्यसलाई समाचारका रूपमा प्रकाशन गर्दैन होला भन्ने पूर्वानुमान गर्नुले पनि यस्तो स्थिति आएको छ । आफूले छापिँदैन होला भन्ने अनुमान गरेकै आधारमा समाचार नलेख्दा भोलिपल्ट अखबारका निम्ति लाजमर्दो स्थिति भएको पनि अनुभव छन् । यस्तै एउटा उदाहरण छ । एमालेको नौमहिने सरकार ढलेपछि बनेको शेरबहादुर देउवा सरकारका अर्थमन्त्री डा. रामशरण महतले अमेरिकाको बैंकमा डलर खाता राखेको विषयमा प्रतिनिधिसभामा तीव्र विवाद उत्पन्न भयो । त्यो दिनको समाचार *कान्तिपुर*मा छापिनुपर्ने थियो, तर छुट्यो । त्यसले गर्दा भोलिपल्ट यस्तो समाचार किन नलेखेको ? भन्ने प्रश्न उठ्यो । वास्तवमा यो समाचार कान्तिपुरमा छापिन्न कि जस्तो लाग्नु नै एउटा गल्ती थियो । कहिलेकाहीँ हामी आफैँले पूर्वानुमान गर्ने वा अति अनुमान गर्ने खतरा हुन्छ । काङ्ग्रेसका युवा नेता एवं प्रभावशाली मन्त्रीको समाचार छापिन्न कि ? भन्ने भ्रम आफूमा पर्न गएको हो ।

आफ्नो समाचार स्रोतलाई नियमित रूपमा सम्पर्क नगर्दासमेत राम्रा समाचार छुट्छन् । सधैँ फोन गरेर के भइरहेको छ ? भन्ने जिज्ञासा राख्ने बानी भए पनि जुन दिन सम्पर्क गरेन त्यसै दिन उल्लेख्य समाचार छुटिरहेको हुन सक्छ । कहिलेकाहीँ कसैका भाषण वा वक्तव्यलाई राम्ररी नसुन्दा र त्यसको महत्त्वलाई

बुझ्न नसक्दा पनि समाचारले पाउनुपर्ने जति महत्त्व नपाउन सक्छ। आफूले लेखेको समाचारमा पटक-पटक 'मिस कोट' भएको गुनासो आयो भने पक्कै पनि त्यसले सम्बन्धित संवाददाताको विश्वसनीयतामा कमी आउँछ।

प्रतिनिधिसभामा एमालेको नौ महिने सरकार विघटन भएपछि प्रमुख विपक्षी दलका नेताका रूपमा मनमोहन अधिकारीविरुद्ध काङ्ग्रेस सांसदहरूले तीव्र विवाद गरे। त्यो दिन संसदीय संवाददाताहरूले संसदमा पहुँच नदिइएको विरोधमा समाचार सङ्कलन बहिष्कार गरेर सबै बसेका थिए। त्यही भएर मनमोहनविरुद्ध प्रकट तीव्र आक्रोशको समाचार हामीले लेखेका थिएनौँ। तर राति *कान्तिपुर*का तत्कालीन प्रमुख संवाददाता तारानाथ दाहालले काङ्ग्रेस सांसद र त्यहाँ उपस्थित अन्यसँग कुरा गरी समाचार बनाए। भोलिपल्ट त्यो समाचार *कान्तिपुर*बाहेक अन्यत्र थिएन। त्यसले दुइटा वेफाइदा गऱ्यो– क) मनमोहनविरुद्ध बोल्ने बेलामा वामपन्थी समर्थक पत्रकारहरूले त्यसलाई बहिष्कार गरेर असफल पार्न खोजे भन्ने आरोप लाग्यो, ख) सबै संवाददाताले बहिष्कार गरेको समाचार आफ्नो अखबारमा मात्र छापिएका कारण अन्यका नजरमा बेइमान सावित भइयो।

समाचार बहिष्कार गर्ने प्रवृत्ति हामीकहाँ निकै छ। कुनै कुरामा चित्त बुझेन भने बहिष्कार गर्न संवाददाताहरूले नै आग्रह गर्छन्। संवाददाताले समाचार बहिष्कार गर्नुभन्दा त्यस प्रवृत्तिलाई राम्ररी उजागर गर्न सक्दा मात्र पाठकको सही सेवा हुन सक्छ। संवाददाता आफैँ केही होइनन्, ती त पाठकका र समाचार स्रोतका निम्ति पुलमात्र हुन्छन्। सही सूचना प्रवाहले पाठकको राम्रो सेवा गर्न सक्छ।

त्रिशङ्कु संसदकाल (२०५१-२०५६) को एक रात तत्कालीन राप्रपाका नेता डा. प्रकाशचन्द्र लोहनीसँग कुरा गरेँ। कुरा निकै रोचक थियो। मैले उनलाई उद्धृत गर्दै समाचार लेखेँ। भोलिपल्ट प्रतिनिधि सभामा हङ्गामा भयो। लोहनीले रोस्ट्रममा उभिएर त्यस विषयमा बोल्नुपर्ने भयो। उनले भने– "मैले कुनै संवाददातासँग कुरा गरेको छैन। यस्तो समाचार लेखिएको छ। यो समाचार पक्कै पनि संवाददाताले मादक पदार्थ सेवन गरेर लेखेको हुनुपर्छ।" परेन फसाद ! आफूसँग त्यत्रो विश्वास गरेर कुरा गर्ने नेताले आफ्नो समाचार खण्डन गरेको देख्दा के गर्ने ? पछि मैले उनीसँग कुरा गरेँ। मेरो त्यसमा एउटै गल्ती थियो- समाचारमा उनलाई उद्धृत गरौँ या नगरौँ भनेर सोध्नुपर्थ्यो। वास्तवमा त्यो समाचार सही थियो। स्रोतमात्र उल्लेख नगरेको भए त्यसले खण्डन हुने स्थिति सामना गर्नुपर्ने थिएन। तर, यो मेरो मात्र गल्ती थिएन। कम्तीमा उनले पनि

मलाई उद्धृत नगर्नू भन्न सक्थे । उनले त्यो नभनेका कारण पनि मैले उनलाई उद्धृत गर्दा हुन्छ जस्तो लाग्यो । यो एउटा गल्ती मेरो जीवनमा सूत्र जस्तो भएको छ । आजकल म कुनै पनि नेता वा व्यक्तिसँग कुरा गरिसकेपछि सोध्ने गर्छु- "मैले तपाईंलाई यस समाचारमा उद्धृत (कोट) गर्न मिल्छ ?" यस्ता समस्याको समाधान क्रमशः अभ्यासबाटै हुँदै जाँदो रहेछ ।

नेपालमा राजनीतिक रिपोर्टिङका फाइदा र बेफाइदा दुवै छन् । सबैभन्दा पहिले यसको फाइदाका पक्षबारे चर्चा गरौँ । राजनीतिक समाचारले नै प्राथमिकता पाइआएको अहिलेसम्मको स्थितिले गर्दा यस्तो समाचार सङ्कलन र लेखनमा संलग्न संवाददाता छिट्टै लोकप्रिय बन्न सक्छ । राजनीति सबै नीतिको मूल नीति भएकोले मुलुकका सबै नीति निर्णय बुझ्न पनि यससम्बन्धी 'बीट' भएकाहरूलाई सहज हुन सक्छ । त्यस्तै मुलुकको नीति निर्माणमा उसको पहुँच पनि हुन्छ । सँगसँगै यसका बेफाइदा पनि छन् । कुनै राजनीतिक दलसँग निकट हुने खतरा हुन्छ । समाचारको क्षेत्रबाट विमुख भएर राजनीतिलाई नै कार्यक्षेत्र बनाउने स्थिति पनि आउन सक्छ ।

सामान्यतः रुचि, विशेषज्ञता र जानकारीका आधारमा बीट लिने गरिएको हुन्छ । उदाहरणका लागि, कसैले काङ्ग्रेस, कसैले एमाले वा कसैले माओवादी पार्टीलाई 'बीट' बनाएका हुन्छन् । सामान्यतः अहिलेसम्म नेपालमा कुनै पार्टी निकट भएकाले नै त्यो संवाददाताले सम्बन्धित पार्टीको समाचार सङ्कलनको जिम्मेवारी पाएको ठान्ने चलन छ । यथार्थमा त्यो होइन । भोट हाल्ने पार्टी जेसुकै भए पनि समाचार सङ्कलन गर्ने पार्टी अलग हुन सक्छ । त्यसैले कुनै पार्टीको समाचार सङ्कलन गर्दैमा त्यो संवाददाता त्यही पार्टी समर्थक हो भन्ने ठान्नु उचित हुन्न । एउटा अखबारभित्र जसरी राजनीतिक पार्टीका गतिविधि हेर्ने 'बीट' विभाजन गरिएको हुन्छ, त्यस्तै कला, साहित्य, विज्ञान, विकासजस्ता क्षेत्रसमेत छुट्टयाइएको हुन्छ ।

मलाई केले राजनीतिक रिपोर्टिङतिर आकर्षित गऱ्यो होला ? फर्केर हेर्दा आफैँलाई अनौठो लाग्छ । तर, यसका केही कारण छन् । मेरो पुस्ताका धेरैको स्कुल र कलेज जीवनमा राजनीतिको ठूलो प्रभाव थियो । निरङ्कुश पञ्चायतविरुद्ध भएको आन्दोलनमा कुनै न कुनै रूपमा विद्यार्थी कालमा सक्रिय भएकाले पनि राजनीतितर्फको एक किसिमको आकर्षण ममा हुनुपर्छ । नेपालजस्ता राजनीति सङ्लिई नसकेको मुलुकमा राजनीतिक समाचारले प्राथमिकता पनि उत्तिकै पाउँछ । यी सबै कारणले मलाई यस क्षेत्रमा आकर्षण भएको हो ।

## सन्दर्भ सामग्री

लुइँटेल, गुणराज । २०५२क । राणाकालीन दरबारहरू । *कान्तिपुर (कोसेली),* १ पुस, पृ. क ।

लुइँटेल, गुणराज । २०५२ख । प्रधानमन्त्री झण्डै झुक्किनुभो । *कान्तिपुर,* ६ पुस, पृ. १ ।

लुइँटेल, गुणराज । २०५२ग । नेकपा एमालेको समस्याः जाँड, जुवा र जारी । *कान्तिपुर,* २१ माघ, पृ. १ ।

कान्तिपुर । २०५२ । अहिलेको अवस्था सशस्त्र क्रान्तिको निम्ति परिपक्व छैन (सिन्धुनाथ प्याकुरेलसँग गुणराज लुइँटेलले लिएको अन्तर्वार्ता) । ११ फागुन, पृ. ३ ।

लुइँटेल, गुणराज । २०५८ । घाम डुबी तारा नउदाएको आकाश हुँ म । *कान्तिपुर,* ४ फागुन, पृ. १ ।

लुइँटेल, गुणराज र केदार ओझा । २०६० । भारतद्वारा दुई माओवादी नेता पक्राउ गरी नेपाललाई हस्तान्तरण । *कान्तिपुर,* २७ माघ, पृ. १ ।